दुर्गा भगवती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गंगा पिपरा, रौतहट
प्रदेश नं.२ नेपाल

पत्र संख्या :- २०७८/०७९
चलानी नं. ६६९

मिति : २०७८/०८/२१

**विषयः करार सेवामा सहयोगी शिक्षक आवश्यक्ता सम्बन्धी सूचना ।**
**(प्रथम पटक प्रकाशित मिति : २०७८/०८/२१)**

दुर्गा भगवती गाँउपालिकाको विद्यालय शिक्षक तथा कर्मचारी व्यवस्थापन कार्यविधि २०७७ बमोजिम यस पालिकाबाट आ.व.२०७८/०७९ मा विनियोजित बजेट अनुरुप यस गाँउपालिका भित्र सञ्चालित विभिन्न सामुदायिक विद्यालयहरुमा करार सेवामा देहायको सहयोगी शिक्षक पदपुर्ति गर्नु पर्ने भएकोले ईच्छुक योग्य नेपाली नागरिकहरुलाई आवेदन दिन यो सुचना प्रकाशित गरिएको छ । आवेदन फारम यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखाबाट प्राप्तगर्न सकिनेछ । म्याद नाघि प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन ।

**पद : प्रा.शि**

| विज्ञापन नं. | खुला ०१, २०७८।०७९ | महिला ०२, २०७८।०७९ | आ.ज.०३, २०७८।०७९ | मधेसी ०४, २०७८।०७९ | दलित ०५, २०७८।०७९ | अपाङ्ग ०६, २०७८।०७९ | जम्मा |
|---|---|---|---|---|---|---|---|
| माग पद संख्या | ११ | ३ | २ | २ | १ | १ | २० |

**१.परीक्षाको किसिम :** लिखित र अन्तरवार्ता ।

**२.न्युतम योगयता** : शिक्षा शास्त्रमा प्रविणता प्रमाण पत्रतह (+२) उतिर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको । नेपाल बाहिर अध्ययन गरेका उमेदवारले पाठयक्रम विकास केन्द्रबाट समकक्षता प्रमाणित गरेको कागजात समेत पेश गर्नु पर्नेछ ।

**३.दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :** इच्छुक आवेदकले हाल सालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति, व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाण पत्र , नेपाली नागरीकताको प्रमाण पत्र तथा स्थायी अध्ययापन अनुमतिपत्रको फोटोकोपिहरु उमेदवार स्वयमले प्रमाणित गरि रितपूर्वको फारम भरी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

**४. उमेरको हदः** आवेदन दिने अन्तिम मिति सम्ममा १८ वर्ष पुरा भई ४० ननाघेको हुनुपर्नेछ ।

**५. आवेदन दिने अन्तिम मिति :** २०७८।०९।०६ गते सो दिन बिदा परे सोको भोलिपल्ट ।

**६.आवेदन शुल्क :** खुला रु. ५००।- र प्रत्येक समावेशी समूहको लागि थप रु. २००।- का दरले गाँउपालिकाको राजश्व खाता नं. ०७९०५२५५३८७०३००९ मा जम्मा गरी सोको सक्कल बैंक भौचर पेश गर्नु पर्ने ।

**७.आवेदन बुझाउने स्थान :** दुर्गा भगवती गाँउपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा,गंगा पिपरा रौतहट

**८.स्वीकृत आवेदकको नामावली प्रकाशन तथा सम्पर्क मिति :** २०७८।०९।११ गते ।

९.लिखित परिक्षा मिति र केन्द्रः सम्पर्क मितिका दिन तोकिने छ ।

१०.तलब सुबिधाः दुर्गा भगवती गा.पा.ले तोके बमोजिम हुनेछ ।

११.परीक्षाको पाठयक्रमः शिक्षक सेवा आयोगको प्रचलित मापदण्ड बमोजिम हुनेछ ।

२०७८।८।२१

..........................
(जगत प्रसाद साह)
नि.प्रमुख प्रशासकिय अधिकृत
जगत प्रसाद साह
नि० प्रमुख प्रशासकीय अधिकृत